Citizen Life Insurance

समृद्धि तपाईंको, साथ हाम्रो

# सिटिजन लाइफ इन्स्योरेन्स कं.लि.



## "नेपालमै पहिलो पटक"
## अब जीवनभर पैसा पाइन्छ।

जीवनभरको साथी

सिटिजन जीवन सारथी योजना

"बाचुन्जेलको साथी, अब एउटै बीमा काफी"

# सिटिजन जीवन सारथी योजना

जीवन बीमा इतिहासमा नेपालमै पहिलो पटक, बीमाङ्क रकमको दुई गुणाको साथै बोनस रकम त्यो पनि आफ्नै पालामा ।

## विशेषताहरू*:

१) आफू जीवित रहँदै २ गुणा बीमाङ्क रकम र बोनस

२) आफू जीवित रहेको अवस्थामा ७० वर्ष पुगेपछि पहिलो र हरेक ५ वर्ष पछि २०% को दरले लाभ भुक्तानी

३) सीमित अवधिसम्म बीमाशुल्क भुक्तानी गरि ९० वर्ष सम्म बीमा रक्षावरण

४) ९० वर्ष सम्म बीमालेखमा ऋण सुविधा

५) विभिन्न २० वटा घातक रोगहरुको लागि बीमा रक्षावरण

६) अतिरिक्त सुविधाहरुद्वारा बीमाशुल्क भुक्तानी समाप्ति पश्चात पनि जोखिम बहन

# सिटिजन जीवन सारथी योजना

**(अब सावधिक, अग्रीम भुक्तानी तथा आजीवन बीमाको सुविधा सहितको एउटै बीमा योजना)**

हामीलाई थाहा छ हरेक व्यक्तिको नियमित आम्दानी गर्न सक्ने एउटा निश्चित उमेर हुन्छ । सो उमेर पश्चात सामान्यतया जीवन जीउन अरुको सहारा लिनुपर्दछ जुन आफूले सोचेजस्तो सार्थक नहुन पनि सक्छ । तसर्थ नियमित आम्दानी गर्ने उमेर पछि आर्थिक सुरक्षाको प्रत्याभुति भई सार्थक जीवन जीउन सिटिजन लाइफ प्रस्तुत गर्दछ “सिटिजन जीवन सारथी योजना” ।

यस योजनामा वीमालेख परिपक्व (Mature) भए पश्चात बीमालेखमा तोकिएको बीमाङ्क रकम र नियमानुसारको बोनस एकमुष्ठ भुक्तानी गरिन्छ । सो पश्चात बीमितको उमेर ७० वर्ष पुरा भएको बीमालेखको पहिलो वार्षिकोत्सव तथा त्यसपछि हरेक ५/५ वर्षमा बीमित को उमेर ९० वर्ष सम्म बीमाङ्कको २०/२० प्रतिशतका दरले हुने रकम भुक्तानी गरिन्छ ।

आफ्नै जीवनकालमा एउटै बीमालेखबाट दुई गुणा बीमाङ्क तथा बोनस रकम प्राप्त हुने भएकोले नियमित आय आर्जन पश्चातको जीवन सरल एवं सहज तरीकाले जीउन मद्दत गर्ने सिटिजन जीवन सारथी एक सर्वोत्तम बीमा योजना हो ।

## विशेषताहरू:

प्रवेश उमेर ..........................................................: १६ वर्ष देखि ६० वर्ष सम्म

बीमा अवधि ..........................................................: ३० वर्ष देखि ७४ वर्ष

बीमाशुल्क भुक्तानी अवधि ..................................:५ वर्ष देखि ४९ वर्ष

अधिकतम बीमाशुल्क भुक्तानी उमेर ..................: ६५ वर्ष

अधिकतम बीमा समाप्ति उमेर...........................: ९० वर्ष

न्यूनतम बीमाङ्क रकम ......................................: रु. ५० (पचास) हजार

अधिकतम बीमाङ्क रकम ...................................: बीमितको आयको आधारमा कम्पनीको जोखिमाङ्कन नीति अनुसार

बीमाशुल्क भुक्तानी तरिका ................................: एकल, वार्षिक, अर्ध-वार्षिक, त्रैमासिक

| विशेष छुटको बहार | बीमा रक्षावरण उमेर | सहज भुक्तानी तरिका |
|---|---|---|
| वार्षिक बीमाशुल्क भुक्तानीमा २% | ९० वर्ष सम्म कुनै कारणबाट मृत्यु बीमा रक्षावरण | एकल, वार्षिक, अर्ध-वार्षिक र त्रैमासिक |
| अर्ध-वार्षिक बीमाशुल्क भुक्तानीमा १% | ७० वर्ष सम्म दुर्घटनाबाट मृत्यु एवं स्थायी पूर्ण अशक्तता बीमा रक्षावरण | |

# बीमा लाभ भुक्तानी:

## जीवित लाभ:

- बीमालेख परिपक्व (Maturity) मिति सम्म बीमित जीवित रहेमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमाङ्क र नियमानुसारको बोनस रकम भुक्तानी ।
- बीमालेख परिपक्व (Maturity) पछि बीमितको उमेर ७० वर्ष पुरा भएको बीमालेखको पहिलो वार्षिकोत्सव तथा त्यसपछि हरेक ५/५ वर्षमा बीमितको उमेर ९० वर्ष पुगुन्जेलसम्म देहाय बमोजिम निरन्तर रकम भुक्तानी गरिनेछ:

| बीमालेखको नजिकको वार्षिकोत्सव (बीमित को उमेर) | भुक्तानी हुने रकम (बीमाङ्कको प्रतिशत) |
|---|---|
| ७० | २० |
| ७५ | २० |
| ८० | २० |
| ८५ | २० |
| ९०* | २० |

*(*९० वर्ष पुगे पश्चात रक्षावरण समाप्त हुनेछ)*

- बीमाशुल्क भुक्तानी अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा बीमित दुर्घटनाको कारणबाट स्थायी पूर्ण अशक्त भएमा बीमाङ्क बराबरको रकम भुक्तानी गरिनेछ तत्पश्चात भविष्यमा तिर्नुपर्ने बीमाशुल्क मिनाहा हुनेछ र बीमालेख परिपक्व मिति पश्चात बीमाङ्क र नियमानुसारको बोनस रकम भुक्तानी हुनेछ ।

## मृत्यु लाभ:

- बीमालेख परिपक्व (Maturity) मिति अगावै बीमितको मृत्यु भएमा बीमालेखको शर्तहरुको अधिनमा रही बीमाङ्क (दुर्घटनाबाट मृत्यु भएमा सो को बीमाङ्क समेत) र नियमानुसार बोनस रकम भुक्तानी गरिनेछ ।
- बीमालेख परिपक्व भई बीमाङ्क र बोनस रकम भुक्तानी पश्चात बीमितको उमेर ७० वर्ष पुग्नु अघि मृत्यु भएमा बीमालेखको बीमाङ्क रकमका साथै दुर्घटनाबाट मृत्यु भएमा सोको बीमाङ्क रकम समेत भुक्तानी गरिनेछ ।
- बीमितको उमेर ७० वर्ष पुगे पश्चात बीमितको मृत्यु भएमा बीमाङ्क रकमबाट ७० वर्ष पश्चात जीवित लाभ खण्डको तालिका बमोजिम भुक्तानी भएको रकम कट्टा गरी बांकी रकम बीमितले इच्छाएको व्यक्ति वा निजको हकवालालाई भुक्तानी गरिनेछ ।

## घातक रोगको लागि रक्षावरण:

यो सुविधा अन्तर्गत बीमा अवधि भित्र बीमालेख चालु रहेको अवस्थामा उल्लेखित घातक रोगहरुको बीमा रक्षावरण हुनेछ । उक्त रोगहरु निदान भएको अवस्थामा घातक रोग लाभको करारमा उल्लेखित बीमाङ्क भुक्तानी गरिनेछ ।

## अतिरिक्त सुविधाहरू:

- दुई वर्षको बीमाशुल्क भुक्तानी पश्चात बीमालेख कर्जा लिन सकिनेछ तर एकल बीमाशुल्क भुक्तानीको हकमा बीमा प्रारम्भ भएको मितिले ३१ दिन पश्चात् बीमालेख कर्जा लिन सकिने ।
- दुई वर्षको बीमाशुल्क भुक्तानी पश्चात स्वत: बीमाशुल्क ऋण सुविधा छनौट गरेको अवस्थामा कथमकदाचित बीमाशुल्क भुक्तानी नभएपनि निश्चित अवधिसम्म जोखिम बहन भईरहने ।
- बीमितको उमेर ७० वर्ष पुगे पश्चात जीवित लाभ खण्डको तालिका बमोजिम भुक्तानी हुने रकमबाट समेत कर्जा लिन सकिने ।
- एकल बीमाशुल्क भुक्तानी योजना अन्तर्गत पहिलो वार्षिकोत्सव मिति पश्चात बीमालेख समर्पण गर्न सकिने ।
- एकल बीमाशुल्क भुक्तानी योजना बाहेक अन्य बीमाशुल्क भुक्तानी योजना अन्तर्गत पुरा दुई वर्षको बीमाशुल्क भुक्तानी भैसकेपछि बीमा अवधि भित्र बीमालेख समर्पण गर्न सकिने ।

**जीवनको हरेक चरणमा साथ दिदै:**

**जीवित लाभ: बीमित स्वयं**

१. बीमाङ्क रकम र बोनस भुक्तानी (बीमा परिपक्व मितिमा)

२. ७० वर्ष पश्चात उल्लेखित तालिका बमोजिम हरेक ५/५ वर्षमा बीमाङ्कको २०%

**दुर्घटना मृत्यु लाभ: इच्छाइएको व्यक्ति वा कानूनी हकदार**

- परिपक्व मिति अगावै बीमितको मृत्यु भएमा २ गुणा बीमाङ्क र बोनस भुक्तानी ।
- परिपक्व मिति पश्चात ७० वर्ष पुग्नु भन्दा अगाडि बीमितको मृत्यु भएमा २ गुणा बीमाङ्क रकम भुक्तानी ।
- ७० वर्ष पश्चात कुनै पनि कारणबाट बीमितको मृत्यु भएमा जीवित लाभ खण्डको तालिका बमोजिम भुक्तानी भएको रकम कट्टा गरी बाँकी रकम भुक्तानी ।

## उद्घोषण

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुलाई मार्गदर्शन गर्ने उद्देश्यको लागि मात्र हो । कम्पनीद्वारा जारी गरिने बीमालेख, ऐच्छिक सुविधा तथा सम्पुष्टिकरणमा उल्लेखित शर्त तथा सुविधा र यसमा दिइएको जानकारी बीच फरक परेमा बीमालेख बमोजिम हुनेछ । यसमा उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा परिवर्तन हुन सक्ने भएकोले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कं. लि.**

**प्रधान कार्यालय - टेकु, काठमाडौं**

**फोन**: ०१-४२१६०००  । **ई-मेल**: info@citizenlifenepal.com  । **वेबसाइट**: www.citizenlifenepal.com